स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दयाहाङ राई र मिरुना मगरको जोडीलाई अहिले नेपाली फिल्म क्षेत्रमा 'डीएम जोडी'ले चिन्न थालिएको छ । यो जोडीले एकसाथ ब्लकबस्टर फिल्महरुमा सहकार्य गरेको छ । यसैबीच, केही दिनअघि मिरुना मगरलाई शीर्ष भूमिकामा लिएर अर्जुन सुवेदीले 'रंगेली ग्याङस्टर' फिल्म निर्देशन गर्ने चर्चा थियो । अब भने यो फिल्मको शीर्ष भूमिकामा दयाहाङ राई पनि जोडिएका छन् । अर्थात्, यो फिल्मको मुख्य भूमिकामा पुनः डीएम जोडी देखिनेछन् ।

**आजको विचार...**



डा.बच्चुकैलाश कैनी

नेपाली...

(दुई पेजमा)



आगामी भदौ १ गतेबाट प्रदर्शनमा आउन लागेको मिलन आले मगर निर्देशित फिल्म 'हिँड्दा हिँड्दै'को ट्रेलर सार्वजनिक गरिएको छ । ट्रेलरमा अभिनेताद्वय आकाश श्रेष्ठ र सलोन बस्नेतबीचको मित्रतासँगै प्रेममा आउने उतार-चढावलाई देखाउन खोजिएको छ । रेखा शाहको प्रेममा रहेका आकाश एक दुर्घटनापछि टाढिन खोजिरहेको देखिन्छ । सलोनको भूमिका भने चुलबुले स्वभावको छ । फिल्ममा आकाश, सलोन र रेखासँगै सानिया खान, विकास थापा मगर, विमल श्रेष्ठ, बाल कलाकारमा अर्विन थिङ्गको पनि अभिनय छ ।

❒ वर्ष २९ ❒ अंक १८ ❒ २०८० साउन १८ गते बिहीबार 3 August 2023, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### सुतेकै ठाउँमा मृत भेटिए एक पुरुष

**पाल्पा,** साउन १७/जिल्लाको रिब्दीकोट गाउँपालिका -७ मैनादी कटहरबारीमा एक पुरुष मृत भेटिएका छन् । कटरबारीस्थित खाली गोठमा एक्लै बस्दै आएका रैनादेवी छहरा गाउँपालिका -५ अधेरी खोलाका ५४ वर्षीय नेत्रप्रसाद पराजुली सुतेकै अवस्थामा मृत भेटिएका हुन् ।

सोमबार घर माथिको बाटोमा देखिएका पराजुली अर्को दिन कही कतै नदेखेपछि स्थानीयले इलाका प्रहरी कार्यालय मुझुङ्गलाई खबर गरेका थिए । खबर लगत्तै मुझुङ्गबाट गएको प्रहरी टोली र स्थानीयले खोजतलास गर्दा ढोकाको चुक्कल लगाई गोठ भित्रै सुतेको अवस्थामा भेटाएका थिए । स्थानीय र जनप्रतिनिधिको रोहबरमा ढोका फोडी हेर्दा मृतअवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

पराजुली गोठ भित्रै विस्तारमा उत्तानो अवस्थामा रहेका थिए । उनी विगत ७ वर्षदेखि एक्लै खाली गोठमा बस्दै आएका थिए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए ।

# वनमारा मासेर डाँडैभरी अम्रिसो

## ढोलिमारावासीको बन्यो आम्दानीको मुख्य स्रोत

**रामचन्द्र रायमाझी**——

**पाल्पा,** साउन १७/बाह्र वर्ष अघि बन मारा, घगालु र काम नलाग्ने बुट्यानले झाडी रहेको ढोलीमाराको डाँडा अहिले अम्रिसोले हराभर भएको छ । कहीं कतै मात्र रुखबिरुवा छन् तर अम्रिसोले डाँडा पुरै हराभरा भएको छ । अम्रिसोले डाँडा मात्रै हराभरा भएको छैन, स्थानीयको आम्दानीको बलियो स्रोत पनि बनेको छ । सरकारले विपन्न समुदायको आम्दानीका लागि नांगोमा परिणत हुँदै गएका डाँडा र खाली जग्गा कबुलियती वनका रूपमा समुदायलाई १५ वर्षअघि हस्तान्तरण गरेको थियो । वनमाराले ढाकेका स्थान अहिले अम्रिसोले हरियालीपूर्ण बनेका छन् ।

पाल्पाको पूर्वखोला गाउँपालिका-२ जल्पास्थित ढोलिमारा गाउँमाथिको डाँडा एक दशकदेखि अम्रिसो आम्दानीको प्रमुख माध्यम बनेको छ । अम्रिसोबाट कुचो बनाएर बिक्रीबाट स्थानीयले राम्रै आम्दानी गरिरहेका छन् । यहाँका स्थानीय मिलेर सामुहिक रुपमा २८ हेक्टर क्षेत्रफलमा व्यवसायिक अमिस्रो खेती गरेका छन् ।



ढोलीमारा कबुलियत वन समूह र बेन्डाँडा कबुलियत वन समूहमा आवद्ध उपभोक्ताहरुले २०६८/०६९ मा वनमार सहितको झाँडी फाँडेर अम्रिसो लगाएका थिए । यहाँका ६० घर परिवार समूहमा आवद्ध रहेका छन् । उनीहरुले सुरुमा २० हेक्टर क्षेत्रलफलमा अम्रिसो लगाएका हुन् । त्यसबाट राम्रो उत्पादन हुन थालेपछि अहिले २८ हेक्टर क्षेत्रफलमा अम्रिसो लगाइएको छ ।

१२ वर्ष अघिसम्म गाउँभरिका डाँडामा वनमारा थियो । त्यस्ता डाँडाबाट पनि आम्दानी हुन्छ भन्ने सुन्दा ढोलिमाराका चित्रबहादुर कुँवरलाई पत्यार लागेको थिएन, तर त्यही समय जिल्ला वन कार्यालयले उनी र गाउँका केही व्यक्तिलाई निस्दी गाउँपालिका-३, झिरुबासमा भ्रमण गरायो । वनमार र झाँडी भएको डाँडामा अम्रिसो र तेजपात देखेपछि कुँवरलाई जाँगर चल्यो । उनले स्थानीय युवाहरुको साथ लिएर गाउँको जंगलको मनमारा फाँडे । जिल्ला वन कार्यालयले अम्रिसोका बिरुवा उपलब्ध गरायो । २०६८ सालमा उनीहरुले वनमाराले भरिएको डाँडामा अम्रिसो लगाए । गाउँदेखि माथिको नाङ्गोडाँडामा रोपेको अम्रिसोबाट अहिले उनीहरुले वार्षिक ५ लाख भन्दा बढीको आम्दानी गर्दै आएका छन् । जसबाट गाउँकै पहिचान फेरिएको छ । अम्रिसोको खेतीले स्थानीयको आयस्तर र जीवनस्तरमा समेत परिवर्तन आएको बेन्डाँडा कबुलियत वन समूहका अध्यक्ष समेत रहेका कुंवरले बताए । उनले भने 'यहाँबाट वार्षिक ५ लाख बढीको अम्रिसोको कुँचो विक्री हुन्छ ।' अम्रिसो रोपेको पहिलो वर्ष गोडमेल, कटान मै समय खर्चियौं, दोस्रो वर्षदेखि आम्दानी गर्न थालिएको ढोलीमारा कबुलियत वन समूहका अध्यक्ष पहलसिंह घर्ती मगरले बताए । यहाँ सुरुका वर्षमा ३ लाखदेखि ३ लाख ५० हजारसम्म आम्दानी हुन्थ्यो । अहिले ५ लाख भन्दा माथि हुने गर्दछ ।

यहाँको मैदान, साट्टीकोल लगायतका स्थानमा पनि अम्रिसो लगाईको छ । यहाँ पनि कबुलियति वन समूहमार्फ व्यवसायिक अम्रिसो खेती गरिएको छ । यी क्षेत्रबाट पनि वार्षिक १० लाख भन्दा माथि आम्दानी हुने गरेको छ । ढोलीमाराका उपभोक्ताले उत्पादन गरेको अम्रिसो बुटवल, भैरहवा, दाङ लगायतका जिल्लामा विक्री हुने गरेको छ । केही समय अघि डिभिजन वन कार्यालयले पत्रकारसहितको टोलीबाट अम्रिसो खेतीको अवलोकन समेत गरेको थियो । अवलोकनमा पुगेका डिभिजन वन अधिकृत नारायणदेव भट्टराईले गरे के हुन्न भन्ने उदाहरण ढोलीरामका उपभोक्ता बनेको बताए । उनले वनमार रहेको डाँडा फाडेर अम्रिसो खेतीबाट आयआर्जजनको माध्यम बनाएको बताए । भट्टराईले भने 'यस क्षेत्रको आर्थिक र पर्यटकीय विकासमा अम्रिसो खेतीले महत्वपूर्ण भूमिका खेल्ने छ ।' वनले गरिबी निवारणमा टेवा पुऱ्याउन सहयोग गरेको उनले बताए । 'हैसियत बिग्रीएको वनका रुपमा परिचय बनाएका ठाउँ अहिले हराभरा भएका छन् । आम्दानी समेत दिन लागेका छन् । गाउँलेको जीवनस्तर उकास्न समेत मद्दत भएको छ' भट्टराईले भने । जिल्ला वन कार्यालयको आर्थिक सहयोग र प्राविधिक सहयोगमा वनमाराले भरिएको डाँडालाई व्यवस्थापन गरी आर्थिक समृद्धिको दिशामा अगाडि बढाउने कार्यमा आफुहरु लागिपरेको रेञ्जर यमलाल पोखरेलले बताए । अम्रिसोको फूलको कुचो, पातको घाँस, जराको औषधी तथा अन्य विरुवाको रुपमा विक्री हुने भएकाले यसको खेतीमा स्थानीयहरु समेत उत्साहित भएका छन् । समुदायले संरक्षण गर्न थालेपछि यस्ता कबुलियती वनमा चरिचरन बन्द गरिएको छ । वनमा समुदायले नै लगानी गर्छन् र त्यसबाट हुने आम्दानी पनि समुदाय आफैंले राख्छन् । काम र छलफल सामूहिक रूपमै गर्ने भए पनि त्यसको संरक्षण र आम्दानी भने समूहभित्रका व्यक्तिले नै लिन्छन् । अहिले अम्रिसोले राम्रै मूल्य पाएको छ । यहाँका उपभोक्ताले प्रति केजी १ सय ३० रुपैयाँमा विक्री गर्दै आएका छन् । अम्रिसोबाट आम्दानी भएको केही रकम सदस्यहरुको नाममा सहकारीमा बचत हुने गरेको छ भने केही रकम सदस्य आफैले बाड्ने गरेका छन् ।

## स्तनपान: बालबालिकालाई वरदान

- आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौति दुधले बालबालिकालाई खोप सरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारिरीक, मानसिक, संवेगात्मक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ ।
- बजारमा पाइने प्याकेट दुध वा फर्मुला आमाको दुध जस्तो पोषिलो हुँदैन ।
- त्यसैले बालबालिकालाई स्तनपान गराऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# रामपुरमा खानेपानी महसुल घट्यो, उपभोक्तालाई राहत




**रामपुर (पाल्पा),** साउन १७/ पाल्पाको रामपुर नगरपालिकामा रहेको रामपुर साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले खानेपानीको महसुल दर घटाएको छ । उपभोक्ताको हितलाई दृष्टिगत गर्दै चालु आर्थिक वर्ष २०८०/८१ को साउन १ गतेदेखि लागू हुने गरी छुटसहित नयाँ मूल्य निर्धारण गरिएको छ ।

पाल्पाकै सबैभन्दा ठूलो खानेपानी आयोजनाका रुपमा रहेको यस संस्थाले थोरैदेखि धेरै पानी उपभोग गर्ने उपभोक्तालाई ध्यानमा राखेर बर्सेनि महसुल दर घटाउँदै आएको छ । आठ युनिटसम्म न्यूनतम दर एक सय ७५ यथावत् राखिएको छ । नौदेखि २० युनिटसम्म (न्यूनतम रकम एक सय ७५ सहित) प्रतियुनिट ४० घटाएर ३० बनाइएको छ ।

एक्काइस युनिटभन्दा माथि (न्यूनतम रकम एक सय ७५सहित) प्रतियुनिट ६३ घटाएर ५३ महसुल कायम गरिएको संस्थाका अध्यक्ष तथा लुम्बिनी प्रदेशसभा सदस्य राजुप्रसाद श्रेष्ठले जानकारी दिए ।

*(...बाकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## मानसिक स्वास्थ्यमा लापरवाही नगरौं

पछिल्लो समय मानसिक समस्याले धेरै मानिसहरु ग्रसित बनेका छन् । यो आाम समस्याका रुपमा देखापर्दै गएको छ । यो चिन्ताको विषय हो । विभिन्न कारणले मानिसहरु मानसिक रुपमा विक्षिप्त हुने गरेका छन् । कोभिड पछिको समयलाई हेर्ने हो भने यो समस्या झन् विकराल बनेको छ । मानसिक समस्याकै कारण धेरैले आत्महत्यासम्म गरेका घटनाहरु छन् । पछिल्लो आत्महत्याका अधिकांस घटनाहरु मानसिक समस्याकै कारण हुन् । विभिन्न अभाव, समस्या, बेरोजगारीका कारण मानसिक समस्या देखिने गरेको छ । समस्या समाधानमा केन्द्र सरकारले यदाकदा मानसिक स्वास्थ्यका बारेमा न्यून चासो दिने गरेको देखिएपनि प्रदेश सरकार र स्थानीय तहहरू यो विषयमा अनभिज्ञ जस्तै छन् । मानसिक स्वास्थ्यलाई समस्याका रूपमा नलिने गरेका कारण पनि समस्या ओझेल परेको हो । विभिन्न सरकारी निकायहरू संवेदनशील नबनिदिएका कारण स्वास्थ्यका जटिल मुद्दाहरू जहिल्यै लुक्ने गर्दछन् । यस्ता समस्याहरु लुकाउँदा र संवेदनशील नहुँदा पछिल्लो समय यसले जटिल समस्या उत्पन्न गराएको छ ।

सामाजिक र आर्थिक अवस्थामा आएको दबाबका कारण नागरिकको मानसिक स्वास्थ्यमा गम्भीर प्रभाव परिरहेको छ तर, सरकारसँग भने यो अवस्थालाई न्यूनीकरण गर्ने संरचना र जनशक्तिको सर्वथा अभाव छ । सरकारले सामान्य स्वास्थ्य सेवासँगै मनोचिकित्सालाई पनि एकीकृत रूपमा अगाडि लैजानुपर्ने कागजी योजना बनाएको छ तर त्यो कार्यान्वयन हुन सकेको छैन । मानसिक स्वास्थ्य समस्याकै कारणले उत्पादकत्वमा आउने ह्रासले परिवार, समाज र राष्ट्रलाई नै ठूलो आर्थिक नोक्सानी पुगिरहेको छ । यस्तो अवस्थामा स्वयम नागरिकले मानसिक समस्यालाई सहजरुपमा लिनुहुँदैन । यसलाई लापरवाही गरियो भने यसले ठूलो क्षति पुऱ्याउन सक्छ । अर्कोतर्फ सरकारले समेत मानसिक स्वास्थ्यका क्षेत्रमा बजेट वृद्धि गरी मानसिक स्वास्थ्य समस्याको रोकथाम, उपचार र पुनःस्थापना कार्य गर्न सक्यो भने त्यसले नागरिक जीवन मात्र बच्ने नभई व्यक्ति, परिवार र राष्ट्रको पनि भलो हुनेछ । यसर्थ यसतर्फ स्वयं नागरिक र सरकार संवेदनशील बन्न जरुरी छ ।

## Opinion @ Social Network

जिन्दगीलाई यति महङ्गो बनाउन मन छ कि,
हिजो सस्तो भन्नेहरुले आज मूल्य सोध्ने साहस पनि नगरून् ।
*(प्रतिभा मगरको फेसबुक स्टाटस https://www.facebook.com/pratibha.magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाली राजनीति : नीतिमुखी कि नेतामुखी ?



**डा.बच्चुकैलाश कैनी**

*हाम्रै छिमेकी मुलुक चीनमा कम्युनिज्म छ । अहिले चीनको विकासको गति र त्यहाँको आर्थिक विकास देखेर हरेक मानिस छक्क पर्छ । अमेरिका, बेलायत र अष्ट्रेलिया जस्ता मुलुकमा लोकतन्त्र र विकास पनि छ । नेपालमा यी तीनै किसिमका अर्थात् पञ्चायतकालमा एकतन्त्रीय शासन, बहुदल आएपछि लोकतन्त्रलाई आफ्नो आदर्श, मूल्य र मान्यता मान्ने दलहरूको शासन, सरकार र आफूलाई विश्वकै उत्कृष्ट कम्युनिष्ट भन्नेहरूको शासन वा सरकार गरी सबै दलको शासन नेपाली जनताले देखे र भोगे पनि । तर पनि, खै कहाँ पुग्यो नेपालको आर्थिक विकासको एजेन्डा ? दुःखसाथ भन्नुपर्छ, अहिले पनि नेपाल र अधिकांश नेपालीको अवस्थामा खासै तात्विक फरक आएको छैन । प्रजातन्त्र नै विकास र समृद्धिको आधार हो वा अर्थतन्त्र उकास्ने एक मात्रै साध्य र साधन हो भन्ने मान्ने हो भने गएको तीन दशकमा नेपालको अर्थतन्त्र र नेपालीको जीवनस्तर निकै उकासिनुपर्ने हो । त्यस्तो हुनसकेको छैन । किन भएन त्यस्तो ? यसको उत्तर तीन दशकदेखि आलोपालो शासन गर्ने सबै दलका नेताले दिनु जरुरी छ ।*

राजनीति नीतिसँग जोडिन्छ । नीति विना राजनीतिको परिकल्पना गरिंदैन । त्यस्तै नेता विना पनि राजनीतिको परिकल्पना हुँदैन । यस अर्थमा नेता, नीति र राजनीति सँगसँगै आउने कुरा हुन् । राजनीति गर्नेले नै नीति बनाउने र नीतिको कार्यान्वयन गर्ने हो । हरेक देशमा राजनीति सबैभन्दा माथि हुन्छ । राजनीतिले नै देशको भविष्य निर्धारण गर्छ । राजनीतिले हरेक मानिसको हरेक मोडमा छोएको हुन्छ । हरेक राजनीतिक दलको आफ्नै आदर्श, सिद्धान्त र नीति हुनुपर्छ र हुन्छ पनि । के यस्ता आदर्श र सिद्धान्त देशको आवश्यकता, जनताको दैनिकी र जनजीविकासँग प्रत्यक्ष सम्बन्धित हुन्छन् ? के यी आदर्श, सिद्धान्त र नीतिहरू व्यवहारमा पनि लागू हुन्छन् ? कसले बनाउँछ यस्ता नीतिहरू ? कसरी बन्छन् राजनीतिक दलका नीतिहरू? यी प्रश्न महत्वपूर्ण हुन्छन् । नीति ठूलो कि नेता ? राजनीतिक दलमा नेताले नै नीति बनाउने हुनाले हामीलाई लाग्ला नेता नै ठूलो हुनुपर्ने हो, तर, नीतिलाई मानेर वा नीति अन्तर्गत बसेर नेताले काम गर्नुपर्ने हुनाले, नीतिले नै राजनीतिक दलको परिधि र सीमा तोक्ने हुनाले कुनै पनि नेता नीति भन्दा माथि हुँदैन । व्यवहारमा हेर्ने हो भने नेपालका हरेकजसो राजनीतिक दलमा नेतालाई नै सर्वोपरि मान्ने प्रचलन छ । नेताले बोलेको अकाट्य हुने, आफ्नो निर्णय दल र आफ्नै दलका अरु नेता र कार्यकर्तामाथि लाद्ने प्रचलन व्यापक छ ।

कुनै एक वाद वा सिद्धान्त अँगालेकै भरमा त्यो देश धनी वा गरीब हुने भए हाम्रै उत्तर वा दक्षिणमध्ये एक देश एकदम गरीब र अर्को देश एकदम धनी हुनुपर्ने हो । किनकि, हाम्रा दुई छिमेकी दुई भिन्न राजनीतिक प्रणाली मान्ने देशहरू हुन् र दुवै देश विकासको तीव्र गतिमा छन् । हामी भने न दुवै देशबाट सिकेर वा उनीहरूको सहयोगले केही गर्न सक्छौं न आफ्नै बल र बुतामा । संयुक्त अरब इमिरेट्समा लोकतन्त्र छैन । त्यहाँ एकतन्त्रीय जहानियाँ शासन छ । तर पनि त्यहाँ विकासको चरम नमूना देख्न सकिन्छ । हाम्रै छिमेकी मुलुक चीनमा कम्युनिज्म छ । अहिले चीनको विकासको गति र त्यहाँको आर्थिक विकास देखेर हरेक मानिस छक्क पर्छ । अमेरिका, बेलायत र अष्ट्रेलिया जस्ता मुलुकमा लोकतन्त्र र विकास पनि छ । नेपालमा यी तीनै किसिमका अर्थात् पञ्चायतकालमा एकतन्त्रीय शासन, बहुदल आएपछि लोकतन्त्रलाई आफ्नो आदर्श, मूल्य र मान्यता मान्ने दलहरूको शासन, सरकार र आफूलाई विश्वकै उत्कृष्ट कम्युनिष्ट भन्नेहरूको शासन वा सरकार गरी सबै दलको शासन नेपाली जनताले देखे र भोगे पनि । तर पनि, खै कहाँ पुग्यो नेपालको आर्थिक विकासको एजेन्डा ? दुःखसाथ भन्नुपर्छ, अहिले पनि नेपाल र अधिकांश नेपालीको अवस्थामा खासै तात्विक फरक आएको छैन । प्रजातन्त्र नै विकास र समृद्धिको आधार हो वा अर्थतन्त्र उकास्ने एक मात्रै साध्य र साधन हो भन्ने मान्ने हो भने गएको तीन दशकमा नेपालको अर्थतन्त्र र नेपालीको जीवनस्तर निकै उकासिनुपर्ने हो । त्यस्तो हुनसकेको छैन । किन भएन त्यस्तो ? यसको उत्तर तीन दशकदेखि आलोपालो शासन गर्ने सबै दलका नेताले दिनु जरुरी छ । यदि कुनै वाद वा सिद्धान्तले आशातित रूपमा विकास र समृद्धिको ढोका खुला गर्न सक्दैन र आम जनताको जीवनस्तरमा आमूल रूपमा परिवर्तन गर्न सक्दैन भने त्यसको जिम्मेवारी दलले लिनुपर्छ । कुन सरकारले कस्तो नीति ल्यायो र कुन सरकार कसरी चलेको छ सबैको चासोको विषय हो । धेरैजसो सरकारका नीति र कार्यक्रमहरू अनुसन्धान, तयारी र छलफल विना नै आर्थिक पक्ष र नेताको लहडको भरमा लोकप्रियताका लागि मात्रै घोषणा गरिएका हुन्छन् । यसैले विकासको कुरा गर्दा अहिलेसम्म नेपालमा ठोस उपलब्धि हुनसकेको छैन । सामान्य जनताको मुख्य चासो आफ्नो दैनिकी कसरी चलाउने भन्ने हुन्छ । वाद वा सिद्धान्त जस्तोसुकै भए पनि आम जनतालाई खासै फरक पर्दैन, यदि त्यसले उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सकेको छैन भने । त्यसैले राजनीतिक दल र तिनका नेताहरूको ध्यान आफ्नो वादको प्रचारप्रसार गर्नुमा हैन, देशको समृद्धि र हरेक जनताको जीवनस्तर उकास्ने गरी नीति र कार्यक्रम ल्याउनु र त्यसैलाई ठोस रुपमा लागू गर्नुमा केन्द्रित हुनु जरुरी छ । मेरो अनुभवमा बेलायतको कुरा गर्ने हो भने ठूला वा सरकारमा जाने हरेक राजनीतिक दलको हरेक वर्ष अधिवेशन वा वार्षिक सम्मेलन हुन्छ । त्यस्ता वार्षिक सम्मेलनको मुख्य एजेन्डा दलका सदस्य, शुभचिन्तक र हरेक क्षेत्रका विशेषज्ञलाई आमन्त्रण गरेर आफ्नो दलको भावी रणनीति र कार्यक्रम तय गर्नु हुन्छ । यसरी विशेषज्ञ आमन्त्रण गर्दा आफ्नो दलसँग आबद्ध हुनु वा नहुनु कुनै फरक पर्दैन । विशेषज्ञले आफ्नो क्षेत्रको राय विशेषज्ञकै रूपमा राख्छन् । बेलायतमा राजनीतिक दलको नेता छान्न वार्षिक सम्मेलन कुर्ने चलन छैन । नेपालमा भने राजनीतिक दलको अधिवेशन प्रायः नेता छान्नमा नै बित्छ । नेताको काम भने आफ्नै दलका अरु नेता र कार्यकर्ता व्यवस्थापन गर्नमा नै बित्छ । जित्नेको आफ्नै समिति वा समूह हुनु स्वाभाविक भए पनि हार्ने पनि आफ्नै समूह बनाउन व्यस्त हुन्छ । अनि हरेक पदका लागि भाग माग्दै सौदा गर्न पूरै ताकत र समय खर्च गर्नुपर्ने हुन्छ । हार्ने र जित्ने दुवै पक्ष वा नेतालाई आफ्नो दलको भावी रणनीति बनाउन कुनै चासो हुँदैन । बरु कसलाई के पद दिएर आफ्नो पक्षमा पार्ने भन्नेमा ध्यान दिन्छन् । आजकल हरेक विचारधारा जस्तै समाजवाद, साम्यवाद, पूँजीवाद, उदारवाद आदि मान्ने दलहरूले समानता, सामाजिक न्याय, व्यक्तिगत स्वतन्त्रता, विधिको शासन जस्ता सिद्धान्त वा नीति स्वीकार गरेका हुन्छन् । तर, यतिले मात्रै जनताको समस्या हल हुँदैनन् र दलको नीति पूरा हुँदैन । दलको नीतिले देशलाई समृद्धिको बाटोमा अघि बढाउन सक्नुपर्छ । देश र जनताको आर्थिक स्तर उकास्न सक्नुपर्छ । हरेक तह र तप्काको समस्या समाधान गर्न सक्नुपर्छ । जनताको भावनालाई समेट्नुपर्छ । राजनीतिज्ञ भनेको जनताप्रति विश्वास गर्ने र जनताले विश्वास गरेको मान्छे हो । जसले नीति मात्रै बनाउँदैन, जनताको दैनिक समस्या हल गर्न, देशलाई समृद्धिको बाटोमा हिंड्न र देशको भविष्य कोर्न समेत मद्दत गर्छ । तर विडम्बना हाम्रो बुझाइ के छ भने कुनै योग्यता, अनुभव र दक्षता विना कुनै काम गर्न सकिन्छ भने त्यो राजनीति हो । नेपालको विगतको दृष्टान्त हेर्ने हो भने हरेक राजनीतिक दलहरूका नेताहरूले जनताको विश्वास जित्ने काम गर्न नसकेको हुनाले यो भनाइलाई बल पुगेको छ । दूरदर्शिता, स्पष्ट दृष्टिकोण, निष्पक्षता, जवाफदेही र साहस राजनीतिक नेतामा हुनुपर्ने मुख्य गुण हुन् । कतिपय यी गुण आफैंमा आउने कुरा हुन् भने कतिपय भने अध्ययन र अनुभवबाट वा काममा पढेर, सिकेर, बुझेर वा जानेर हासिल गर्न सकिने कुरा हुन् । राजनीतिक दलका नेताको काम अर्जुनदृष्टि राखेर सबै पक्षसँग छलफल गरेर देशका लागि नीति बनाउने हो । त्यस्ता नीतिहरू दलका सदस्यद्वारा चुनिएका प्रतिनिधिहरू समक्ष राखेर अनुमोदन गराउने अनि, लागू गर्ने र गराउने हो । त्यस्ता नीतिहरू सफल कार्यान्वयन भए-नभएको अनुगमन गर्ने, गराउने काम पनि नेताकै हुन्छ । साथै, यी सबै कुराको सफलता र असफलताको जिम्मा पनि नेता आफैंले लिने हो । यदि आफ्ना नीतिहरू असफल भए अरुको लागि मार्गप्रशस्त गरिदिने हो । त्यसपछि, जसले देश र जनताको लागि राम्रो नीति बनाउँछ उसैलाई अघि सार्ने हो । अनि मात्रै देश र जनताको लागि सोच्ने नेता मान्न सकिन्छ ।

राजनीतिक दलका सदस्य वा कार्यकर्ताहरू पनि आफ्नो दलको नीति जान्नु, बुझ्नु र व्यवहारमा लागू गर्नु भन्दा नेताकै पछि लागेर ताली बजाउन ध्यान दिए जस्तो देखिन्छ । नेताले भनेको कुरा सही वा गलत के हो त्यसको विश्लेषण गर्ने क्षमता राजनीतिक दलकै अन्य नेता र कार्यकर्तामा छैन । उनीहरू केवल अन्धभक्त भएर नेताको समर्थन गर्छन् । नेपालमा राजनीतिक दलका कार्यकर्ताहरू नीति हैन नेतामुखी देखिन्छन् । यसले कुनै नेता खुसी त होला, तर गलत नीतिले देश र जनतालाई भने कुनै फाइदा हुँदैन । नेपालका हरेक राजनीतिक दलले आफूलाई दिगो रूपमा देश र जनताप्रति समर्पित गर्ने दलको रूपमा विकास र स्थापित गर्ने हो भने जति नेतृत्व विकासमा ध्यान दिनु जरुरी छ, त्यत्तिकै आम नेपालीको जीवनस्तर उकास्ने नीति र तदनुरूपकै कार्यक्रम बनाएर लागू गर्न जरुरी छ । नेतामुखी राजनीतिक दल राजनीतिक मैदानमा लामो समय टिक्न सक्दैन । यसले दलभित्र नै गुट वा उपगुट खडा गर्न प्रश्रय दिन्छ । नेतालाई मनमौजी र सर्वोपरि बनाउँछ । दलको भूमिका कमजोर पार्छ । यसले आखिर देश र जनताको हित गर्दैन ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस क्वेदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


## दैनिक राशिफल

- **मेष** : कुटुम्बको सहयोग मिल्नेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
- **वृष** : भाग्यले साथ दिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेलाछ ।
- **मिथुन** : जाँगर र उमंग बढ्ला । धर्म, समाज सेवामा मन लाग्नेछ ।
- **कर्कट** : वैदेशिक क्षेत्रको कार्य अघी बढ्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ ।
- **सिंह** : धर्म कर्ममा मन लाग्नेछ । आँटेको र ताकेको कार्य पुरा होला ।
- **कन्या** : निर्णायक क्षमतामा कमी आउनेछ। अधिकारका लागि संघर्ष गर्नु पर्ला ।
- **तुला** : शुभकार्यको चर्चा चल्नेछ । साहित्य तथा संगीतमा रुचि बढ्नेछ ।
- **वृश्चिक** : छोटो दुरीको यात्रा हुनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।
- **धनु** : स्वास्थ्यमा सुधार आउनेछ । शिक्षामा सफलतापनि पाईनेछ ।
- **मकर** : यात्रा गर्दा सचेत हुनुपर्नेछ । महत्वपूर्ण अवसर गुम्न सक्छ ।
- **कुम्भ** : दैनिक कार्यमापनि प्रगती हुनेछ। घरमा अतिथीको आगमन हुनेछ ।
- **मीन** : न्यायिक कार्यमा सफलता मिल्नेछ । भूमि लाभ पनि रहला ।




बाल कथा

# नमागिएको सुझाव दिन खोज्दा...



*धेरै पहिलेको कुरा हो । ठुलो जंगलको एउटा रुखमा भँगेराको भालेपोथी बस्थे । उनीहरूको जीवन सुखद थियो । आफ्नो प्रकृति र स्वभाव अनुसार सुखपूर्वक जीवन व्यतीत गर्दै आएका थिए । उनीहरूको सानो गुँड थियो, जुन उनीहरू आफैले दुःख गरेर बनाएका थिए । दिनभर कहिले गाउँलेहरूका खेतबारीमा गएर चर्थे, कहिले गाउँलेहरूकै घर आँगनमा पुगेर चारो टिप्थे, कहिले जंगलकै आसपास घुमेर पेट भर्थे र साँझ गुँडमा फर्केर सुखपूर्व रात बिताउँथे । समय बित्दै गयो । यत्तिकैमा एक दिन साँझ उनीहरू बसेका रुखको हाँगोमा पानीले भिजेको बाँदर काम्दै आइपुग्यो । पुसको महिना थियो बिहानैदेखि सिमसिम पानी परेको । पुसको महिना यसै पनि चिसो हुन्छ । त्यसैमाथि दिनभरको सिमसिम पानीले गर्दा चिसो निकै बढेको थियो ।*

नबोलाएको स्थानमा जानु र नमागिएको सल्लाह वा सुझाव दिनु दुवै उस्तै हो । दुवैको अवस्था करिब उस्तै हुन्छ । न इज्जत पाइन्छ न महत्त्व नै रहन्छ । त्यस्तै परे सोच्दै नसोचेको दुर्घटना निम्तिन समेत बेर लाग्दैन । त्यसैले बुढापाकाहरू भन्छन् जानु पनि त्यहीँ पर्छ, जहाँ बोलाइएको छ, सल्लाह वा सुझाव पनि उसैलाई दिनुपर्छ जसले मागेको छ वा जसले त्यसलाई सदुपयोग गर्छ वा गर्न सक्छ । अन्यथा नदुखेको कपाल डोरी लगाएर दुःखाउनु जस्तै हुनेछ । भाइबहिनीहरूको जानकारीका लागि तल एउटा त्यस्तै कथा प्रस्तुत गरिएको छ ।

धेरै पहिलेको कुरा हो । ठुलो जंगलको एउटा रुखमा भँगेराको भालेपोथी बस्थे । उनीहरूको जीवन सुखद थियो । आफ्नो प्रकृति र स्वभाव अनुसार सुखपूर्वक जीवन व्यतीत गर्दै आएका थिए । उनीहरूको सानो गुँड थियो, जुन उनीहरू आफैले दुःख गरेर बनाएका थिए । दिनभर कहिले गाउँलेहरूका खेतबारीमा गएर चर्थे, कहिले गाउँलेहरूकै घर आँगनमा पुगेर चारो टिप्थे, कहिले जंगलकै आसपास घुमेर पेट भर्थे र साँझ गुँडमा फर्केर सुखपूर्व रात बिताउँथे । समय बित्दै गयो । यत्तिकैमा एक दिन साँझ उनीहरू बसेका रुखको हाँगोमा पानीले भिजेको बाँदर काम्दै आइपुग्यो । पुसको महिना थियो बिहानैदेखि सिमसिम पानी परेको । पुसको महिना यसै पनि चिसो हुन्छ । त्यसैमाथि दिनभरको सिमसिम पानीले गर्दा चिसो निकै बढेको थियो । छिमेकमा आएर बसेको जाडोले कामिरहेको बाँदरको अवस्था देख्दा दया लाग्यो र भालेले पोथीसँग भन्यो- 'भुन्टी हेर त ! छिमेकमा को बस्न आएको छ । हेर्दा त मानिस जस्तै छन् तर मानिसनै त पक्कै होइनन् होला । नत्र आफ्नो घर छाडेर काम्दै रुखको हाँगोमा बस्न किन आउँथे होला र । त्यसैले सहयोगबारे सोध्ने हो कि ?' भालेको कुरा सुनेर पोथीलाई मन परेन । उसले झर्किँदै भनी-

'चुप लागेर बस बुढा ! चिन्नु न जान्नु घचेटी माग्नु । हामीलाई कसले चासो दिएका छन् र हामीले दिनु । थोरै दुनियाँभरको चासोको ठेक्का लिइबसेका छौँ ।'

पोथीको कुरालाई भालेले प्रतिवाद गर्दै भन्यो-

'ल ! के कुरा गरेकी त्यस्तो ? साँझको बेला छ । आफ्नै दैलो अगाडि अतिथि जाडोले कामिरहेका छन् । हुन सक्छ भोका पनि पो छन् कि ? सोधखोज गर्नुपर्दैन ? यही त हो गृहस्थीधर्म भनेको ?'

भालेले गृहस्थीधर्म अनुसारकै कुरा गरेको भए पनि पोथी सहमत हुन सकिन र ठुस्केजस्तो गर्दै भनी-

'जे मन लाग्छ त्यही गर बुढा ! कम्तीमा म चाहिँ सहमत छैन । एक त नचिने प्राणी, अर्को उसले केही भनेकै छैन भने बेकारमा किन बढी जान्ने हुन खोज्ने ? हुन सक्छ मानिसले पठाएका कुनै जासुस पो हो कि हाम्रो चियो गर्न । कहाँ चाहिने भाँडाका छन् र यी मानिस । देख्ने बित्तिकै गुलेली ताक्छन् । बुझ्दै नबुझी अघि बढ्दा भरे अप्ठ्यारो पऱ्यो भने त्यसको जिम्मा कसले लिन्छ ?' पोथीको कुरा पनि आफैँमा गलत थिएन तर भालेले गृहस्थीधर्मलाई लत्याउन सकेन र ढोकामा आएर भन्यो-

'महोदय ! को हुनुहुन्छ । कहाँबाट आउनुभएको हो । भिजेर निथ्रुक्क हुनुभएको रहेछ । लाग्छ जाडोले राम्रै सताएको छ । केही सहयोग चाहिए भन्नुहोला है । अप्ठ्यारो मान्नुपर्दैन । सकेको सहयोग गर्नेछु ।'

भँगेराको कुरा बाँदरलाई मन परेन । उसलाई तत्कालै गएर मुखै चिथोरी दिउँ कि जस्तो पनि नलागेको होइन तर त्यो हदसम्म भने गएन । यस्ता क्षुद्र प्राणीको पछि लागेर किन आफ्नो इज्जत घटानु भन्ने सोच्दै मौन रहनु नै उचित ठान्यो । उसको मौनता देखेर भँगेरो सकसक झन् बढ्यो । त्यसैले कारण जान्न खोज्दै भन्यो-

'बोल्नुभएन नि महोदय ! मलाई सुन्नु भएन ? मानिसको जस्तै आकृतिको हुनुहुन्छ । घरै छैन होला भन्न त सक्दिन । किनकि मानिसहरू सबैले घर बनाएका हुन्छन् तर तपाई भने यस्तो जाडोमा पनि रुखको हाँगोमा बस्न आउनुभएको छ । कि अल्छी मानेर घर बनाउने विचार नगर्नु भएको हो ? यदि हो भने त राम्रो भएन है । हामी जस्ता पक्षी प्रजातिका प्राणी त गच्छे अनुसारको गुँड बनाएर बसेका छौँ । तपाईँ त झन् मानव प्रजातिका प्राणी । भो छाडौँ यी कुरा । अहिलेलाई यति भन्नुस् के सेवा गरौँ ।'

बाँदरलाई उसै त कुन कानमा सुन हुन बेर लागेन । ऊ यसै पनि रिसाइरहेको थियो त्यसमाथि भँगेराको नमागेको सुझाव सुन्नुपरेपछि के चाहियो र । उसले रिस थाम्न सकेन र बडो जान्ने भएर घरको कुरा गर्दो रहेछ, तँलाई त्यति बढी घरको घमन्ड रहेछ होइन पाजी ! लौ जा तेरो घर भन्दै जुरुक्क उठेर उसको गुँडै भत्काइदियो । उसको आफ्नो घर त यसै पनि थिएन नै । अर्काको घर पनि देख्न सकेन र भत्काइदियो । त्यसै दिनदेखि बाँदरले आफ्नो घर पनि बनाउँदैन अर्काको घर पनि भत्काउँछ भन्ने उखान चल्न थाल्यो । अर्धाङ्गिनीको सल्लाह लत्याएर नमागिएको सल्लाह र सुझाव दिन जाँदा घरबार विहीन हुनुपरेकाले विचरो भँगेरो पुर्पुरोमा हात लगाएर बस्न लाग्यो । यो एउटा उदाहरण हो । आखिर जहाँ पनि नमागिएको कुराको सल्लाह र सुझाव दिन खोज्दा यस्तै अवस्था आउन सक्छ ।

*-रातोपाटी डटकम*

निबन्ध

डा. गणेशप्रसाद भट्टराई

# ज्ञानको बिउ

*ज्ञानले व्यवहार खोज्छ, विज्ञानले प्रमाण खोज्छ । ज्ञानको गुण नै जानेर बुझ्नु हो । सिकाइ र बुझाइ यसैका दुई पाटा हुन् । कलाकारिता सिकाइ हो । मनस्थितिलाई तरल पार्ने माया, सहानुभूति आदि बुझाइ हुन् । सिकाइ प्रत्यक्ष अनुभव, मनोभावना वा सज्जन संगतको उपज हो । विज्ञान चाहिँ ज्ञानको विशेष वा विशिष्ट स्वरूप हो । संसारमा सूचना प्रविधिको साथसाथै ज्ञानमा आधारित समाज निर्माण भएको छ । अहिलेको अर्थतन्त्र ज्ञानको विस्फोटको अर्थतन्त्र हो । वर्तमान समाजमा प्रतिक्षण ज्ञानको विस्फोट र सिर्जना भइरहेछ । वस्तुको व्यापारभन्दा ज्ञानको व्यापार गर्नेले समृद्धिको पाइला चालेका छन् । ज्ञानको अद्यावधीकरण समृद्धिको आधार पनि हो । कार्य र अनुभवबाट ज्ञानको जन्म हुन्छ । सूचना, जानकारी र सिकाइबाट पनि ज्ञान उत्पादन हुन्छ । सही व्यक्तिलाई सही समयमा सञ्चार गरिएको ज्ञानले सकारात्मक प्रतिफल दिन्छ । ज्ञान व्यवस्थापन गर्नेले समृद्धिलाई मित्र बनाउँछ । ज्ञानको व्यवस्थापन समाज, संस्कृति, सोच र उन्नतिलाई जीवन्त राख्ने स्रोत हो । ज्ञानको व्यवस्थापनले समृद्धिको कक्षामा नयाँ पाठ सिकाएर ज्ञान साझेदारी गर्छ ।*

ज्ञान सक्रियता वा जागरूकता हो । सिकाइ अवसर हो । अनुभवबाट सिकाइ प्राप्त हुन्छ र कर्मबाट व्यक्तित्व निर्माण हुन्छ । सेवा समृद्धिको कारक हो । यसबाट मानव मूल्यको अभिवृद्धि हुन्छ । ज्ञानको अभावमा सेवा र समृद्धि दुवै ओझेलमा पर्छन् । ज्ञान क्रिया र अनुभवबाट आर्जित सूचना हो । ज्ञान कुनै विषयको कल्पना हो । ज्ञानको अर्को रूप बुद्धि चाहिँ विषयगत स्वीकार्य अस्वीकार्य धारणा हो । सूचनाबोध र अन्तर्दृष्टि मानव ज्ञान हो । ज्ञानले व्यवहार खोज्छ, विज्ञानले प्रमाण खोज्छ । ज्ञानको गुण नै जानेर बुझ्नु हो । सिकाइ र बुझाइ यसैका दुई पाटा हुन् । कलाकारिता सिकाइ हो । मनस्थितिलाई तरल पार्ने माया, सहानुभूति आदि बुझाइ हुन् । सिकाइ प्रत्यक्ष अनुभव, मनोभावना वा सज्जन संगतको उपज हो । विज्ञान चाहिँ ज्ञानको विशेष वा विशिष्ट स्वरूप हो ।

संसारमा सूचना प्रविधिको साथसाथै ज्ञानमा आधारित समाज निर्माण भएको छ । अहिलेको अर्थतन्त्र ज्ञानको विस्फोटको अर्थतन्त्र हो । वर्तमान समाजमा प्रतिक्षण ज्ञानको विस्फोट र सिर्जना भइरहेछ । वस्तुको व्यापारभन्दा ज्ञानको व्यापार गर्नेले समृद्धिको पाइला चालेका छन् । ज्ञानको अद्यावधीकरण समृद्धिको आधार पनि हो । कार्य र अनुभवबाट ज्ञानको जन्म हुन्छ । सूचना, जानकारी र सिकाइबाट पनि ज्ञान उत्पादन हुन्छ । सही व्यक्तिलाई सही समयमा सञ्चार गरिएको ज्ञानले सकारात्मक प्रतिफल दिन्छ । ज्ञान व्यवस्थापन गर्नेले समृद्धिलाई मित्र बनाउँछ । ज्ञानको व्यवस्थापन समाज, संस्कृति, सोच र उन्नतिलाई जीवन्त राख्ने स्रोत हो । ज्ञानको व्यवस्थापनले समृद्धिको कक्षामा नयाँ पाठ सिकाएर ज्ञान साझेदारी गर्छ । जीवनको गुणस्तर बढाउन, अपेक्षा पूरा गर्न र सफल अनुभवको प्रवाह गर्न ज्ञान व्यवस्थापन गर्न जान्नुपर्छ । विश्व गाउँको अवधारणामा धनी र गरिबको विभाजनले विश्व विभक्त हुँदैन । सिक्ने र नसिक्नेबिचको खाडलले भने संसारमा धाँजा फाट्न सक्छ । यहाँ कोही पढिरहन्छन्, कोही सिकिरहन्छन् ।पढ्नेले सिरानीमा पुस्तकालय सजाउँछ र अर्काका ज्ञानमा आफूलाई समर्पित गर्छ । सिक्नेले क्षितिज घुमेर सिकिरहन्छ र आफ्नो अनुभवले माटो सिँगार्छ ।मानिसको बुद्धि सच्चा कलाकारिताको असल रूप हो । बुद्धि र ज्ञानको व्यवसाय उन्नत हुन्छ । अज्ञानको व्यापारले संहार निम्त्याउँछ । वस्तुको उत्पादनले धन कमाउँछ ।ज्ञानको उत्पादनले मान कमाउँछ । हामी उचाइ बेच्छौँ, गहिराइ बेच्न सक्दैनौँ । गहिराइमा गाम्भीर्य हुन्छ भन्ने नबुझेर हामी सतहमा रमाउँछौँ, डुब्न डराउँछौँ । प्रत्येक व्यक्तिमा समान सम्भावना हुन्छ । फोहोर गर्ने भन्दा फोहोर रोप्ने ठुला हुन् । फोहोर रोपे अनाज सप्रन्छ । सम्भावनाले सफाइ फुलाउँछ । संसारमा सिकाउन सजिलो छ तर सिक्न गारो छ । जसले सिक्छ उसले गहिराइको व्यवसाय गर्छ ।

विश्वविद्यालय सिकाइको कोश हो । अनुभव सिकाइको विश्वकोश हो । हामी राजनीति, संस्कार, सोच र विश्वासको झोला बोकेर विश्वविद्यालय पस्छौँ, समाजमा पस्छौँ अनि मस्तिष्कमा फोहोरको बोरा भरेर आफूलाई ज्ञानी ठान्छौँ ।अपेक्षा र पूर्व सर्त बिनाकै सिकाइ मात्र वास्तविक हुन्छ । बरफको पहाड पानीमा तैरिन्छ तर दृश्यभन्दा अदृश्य भाग बढी छ भन्ने बिर्सेर हामी दृश्य संसारको प्रशंसा गर्छौं । खाली हातले कोट्याउँदा धर्तीमा सञ्जीवनी भेटिने पुरा कथा बिर्सेर प्रमाणपत्रमा स्तर खोज्छौँ । के आमाको मुस्कानमा कपाल फुलेका प्राध्यापकको मस्तिष्क हुँदैन ? के किनारबिना तलाउको मूल्य छ र ? के कविले लेखेपछि मात्र माटाको महिमा हुने हो र ? समाज वा संस्थामा दृश्यभन्दा अदृश्य पक्ष बढी हुन्छन् र यो बुझ्नेको सोचको संसारमा गहिराइ बढ्छ । अरूको चियोचर्चो गर्नु समयको जोखिम हो । लघुताभासले पनि मानिसलाई आज्ञापालक मात्र बनाउँछ । मानिस न्यून सम्मानमा बाँच्न सक्दैन । सम्मानका लागि बडप्पन, घमन्ड, परपीडन र आक्रामक व्यवहार गर्नेले व्यक्तित्व विकास गर्दैन । यस्ता व्यक्तिको नेतृत्वले समाजको ज्ञान र सिपको संहार हुन्छ । असल नेतृत्वले मात्र ज्ञानको व्यवसाय गर्न सक्छ । ज्ञानको व्यापार गर्न गहिराइमा डुब्ने नेतृत्व चाहिन्छ । भावुकताले भवन बन्दैन । पथप्रदर्शक नेतृत्वमा भावनाभन्दा सम्यक् दृष्टि अधिक हुनुपर्छ । अन्तर्मुखी र असन्तुलित व्यक्तित्व समाजको आवश्यकताभन्दा खतरनाक हुन्छ । अरू बेठिक म ठिक वा अरू ठिक म बेठिक हुनै सक्दैन भन्नुभन्दा पनि म पनि ठिक, अरू पनि ठिक भन्ने सन्तुलित, आत्मविश्वासी र सकारात्मक सोचयुक्त नेतृत्वले ज्ञानमा आधारित समाजको मूल बाटो पहिल्याउँछ । ज्ञानको व्यवसाय गर्नेहरू अभिभावक हुन् । अभिभावकले अरूको हेरचाह गर्छन् । जीवनका हरेक सिँढीमा रोजाइ फरक हुन्छ । बच्चाले सिर्जनात्मक र साहसिक कार्य रोज्छन् तर सफल नहुन सक्छन् । युवाले सकारात्मक नकारात्मक सोचका बिचमा तटस्थताको वा समस्याको खोजी गर्छन् । युवा जोस क्रियाशील हुन्छ । अभिभावकले सन्ततिमा आफूभन्दा अग्रगामी र परिष्कृत सोचको अपेक्षा राख्छन् अनि बच्चा र युवाका हात र मस्तिष्कलाई टेवा दिन्छन् । मानिसले राजनीतिक, प्रशासनिक आदि पद पाउँछन् । पाएको पद कार्यक्षेत्रको सीमाभित्र सीमित राख्नुपर्छ । प्रतिष्ठा निरन्तर रहन्छ । पदले प्रतिष्ठालाई थिच्नु हुँदैन । व्यक्ति, समाज र राष्ट्रको प्रतिष्ठा बढाउने सोच परिवर्तन र समृद्धिको कारक हो । पदीय जिम्मेवारीमा बालापन, भावुकता र हठले लक्षित वर्गको सोचलाई लत्त्याउन सक्छ । बालापन बोक्ने नेतृत्वले अरूका कुरा लत्याउँछ । अभिभावकपन बोक्नेले निर्देशन दिन्छ । यी दुवैले लक्ष्य भेदन गर्न सक्दैनन् । नेतृत्वले युवापन बोक्नुपर्छ । युवाले निराशालाई आशामा र शिथिलतालाई सक्रियतामा परिणत गर्न सक्छ । युवाले ज्ञानको व्यापार गरेमा धर्ती प्रतिफलको सौन्दर्यले सिँगारिन्छ । ज्ञानमा आधारित अर्थतन्त्र निरन्तर कुल गार्हस्थ्य उत्पादन बढाउने आधार हो । आफ्नो ज्ञान आफूबाट भिन्न हुँदैन । जनताद्वारा चुनिएका विज्ञ शासकले समाज र नागरिकलाई शिरमा राख्छन् । वैयक्तिक उचाइले उच्चतम इमानदारी र सुशासन जन्माउँछ । व्यावहारिक खुलापन र कानुनी शासनले आर्थिक विकासलाई दिशानिर्देश गर्छ । अनुभवमा आधारित सोच र कार्यशैलीले समृद्धिको मार्ग प्रशस्त गर्छ । औद्योगिक क्षेत्रको स्तरोन्नति, श्रमिकको उत्पादकत्व वृद्धि कृषिको विविधीकरणमा युवा जोस र सोच ल्याउन समानको विश्वविद्यालयमा ज्ञानको अर्थतन्त्र सिक्नु आवश्यक छ ।

वस्तुको उत्पादनको सम्भावना र निर्यात, उत्पादन वृद्धि र आन्तरिक खपतका आधारमा हामीलाई अनुकूल हुने र अरूको भर पर्नु नपर्ने ज्ञानको व्यवसायको खोजीबाट नै हामी समृद्ध हुन सक्छौँ । युवालाई उच्चस्तरको गुणस्तरीय सिप दिएर मानिसको सोच र देशको मुहार परिवर्तन गर्न सक्छौँ । हामीले हाम्रो सोचाइ र संरचनामा रूपान्तरण गर्न नसके हामीसँग पछौटेपनको पहिचान रहिरहन्छ । गुणस्तरीय शिक्षा, व्यावहारिक सिप, सूचना विधिमा पहुँच, अनुसन्धान र विकास तथा प्रतिफलमूलक लगानी पहिचान सुधारका आधार हुन् । श्रम, प्रविधि, सिप, ज्ञान र नवीनताको खोज सेवा र पूर्वाधारका साध्य हुन् । ज्ञान अथाह छ तर खोज्न सकिन्छ । ज्ञानको व्यवस्थापन गर्नेहरूले समृद्धि र सन्तुष्टिको साथ पाएका छन् । म ज्ञानको बिउ रोपेर समृद्धि उमार्न चाहन्छु ।

*-साहित्यपोस्ट डटकम*

# पेट्रोलको मूल्य बढ्यो, ग्याँसको घट्यो



**पाल्पा,** साउन १७/पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि भएको छ । नेपाल आयल निगमको सञ्चालक समितिको बैठकले पेट्रोलको मूल्य ९ रुपैयाँले वृद्धि गर्ने निर्णय गरेको हो । त्यस्तै डिजल र मट्टितेलमा ७ रुपैयाँले वृद्धि भएको छ भने हवाई इन्धनको मूल्य यथावत राखिएको छ ।

त्यस्तै एलपी ग्याँसको मूल्य भने घटेको छ । निगमले ग्यासको मूल्य १ सय ३० रुपैयाँले घटाएको हो । यससँगै ग्याँस सिलिण्डरको मूल्य १ हजार ६ सय ६० कायम भएको छ भने पेट्रोलको १ सय ७३ , डिजेल र मट्टितेलको १ सय ५३ रुपैयाँ पुगेको छ । निगमले मंगलबार राति १२ बजेपछि लागू हुनेगरी स्वचालित प्रणालीअनुसार मूल्य घटबढ गरेको हो । भारतबाट नयाँ मूल्य आएलगत्तै निगमले स्वचालित प्रणाली अनुसार मूल्य समायोजन गरेको जनाएको छ । अहिले ठाउँ अनुसार मूल्य फरक फरक छ । निगमले पहिलो, दोस्रो र तेस्रो वर्गमा छुट्याएर मूल्य तोक्ने गरेको छ । निगमले वैज्ञानिक प्रणालीबाट मूल्य निर्धारण गरेको हो ।

तराई (चारआली, विराटनगर, जनकपुर, वीरगन्ज, अमलेखगन्ज, भलवारी, नेपालगन्ज र धनगढी) लाई पहिलो वर्गमा राखिएको छ भने दोस्रो वर्ग अन्तर्गत सुर्खेत र दाङ छन् । तेस्रो वर्ग अन्तर्गत काठमाडौं, पोखरा र दिपायल छन् । यी क्षेत्रमा ठाउँपिच्छे मूल्य तोकिएको छ । यस अघि २०७९ सालमा निगम घाटामा गएपछि सहज आपूर्तिका लागि सबै ठाउँमा एउटै मूल्य लागु गरिएको थियो । अहिले फेरि सहज भएकाले क्षेत्रगत रूपमा मूल्य निर्धारण गरिएको निगमले जनाएको छ ।

ढुवानी नलाग्ने जिल्लाका लागि अतिरिक्त भार नपार्ने निगमको उद्देश्य हो ।

# कोसीमा मन्त्रिपरिषद् विस्तार



**पाल्पा,** साउन १७/केही समय विवादमा तानिएको कोसी प्रदेशले बुधबार मन्त्रिपरिषद् विस्तार गर्न सफल भएको छ । नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापा दोस्रो पटक मुख्यमन्त्रीमा नियुक्त भई शपथ ग्रहण गरेसँगै चार सदस्यी मन्त्रिपरिषद् विस्तार गरेका हुन् ।

गठबन्धनबाट मुख्यमन्त्री भएका थापाले माओवादी केन्द्र र एकीकृत समाजवादीलाई मन्त्रिपरिषद्समा समेटेका छन् । मुख्यमन्त्री थापाले माओवादी केन्द्रका बाबुराम गौतम, नेकपा एकीकृत समाजवादीका कमल जबेगु र कांग्रेसका प्रदीपकुमार सुनुवारलाई मन्त्री नियुक्त गरेका हुन् । गौतमले आर्थिक मामिला तथा योजना, जबेगुले भौतिक पूर्वाधार विकास र सुनुवारले खानेपानी, सिंचाइ तथा उर्जा मन्त्रालयको जिम्मेवारी पाएका छन् । मुख्यमन्त्री थापाले सपथग्रहण गरेलगत्तै तीनै जना मन्त्रीले पनि सपथ खाएका थिए । सरकार निर्माणको लागि सभामुख पदबाट राजीनामा दिएका गौतम मुख्यमन्त्री पछिको वरियतामा आर्थिक मामिला मन्त्री नियुक्त भएका हुन् । जबेगु र सुनुवार असार २१ गते मुख्यमन्त्री बन्दा पनि थापाले मन्त्रीमा नियुक्त गरेका थिए तर, उनीहरूले मन्त्रालयको जिम्मा नपाई सर्वोच्चको आदेशमा पदमुक्त हुनुपरेको थियो ।

यसअघि २१ असारमा मुख्यमन्त्री नियुक्त भएका थापाले सभामुखको समेत समर्थन लिएर मुख्यमन्त्री बन्नु संविधान विपरीत भन्दै सर्वोच्चले उनको नियुक्ति बदर गरिदिएको थियो । मंगलबार सभामुख बाबुराम गौतमलाई राजीनामा गराएर उनको समर्थन पनि लिएर थापा मुख्यमन्त्री भएका थिए । सभामुखकै हैसियतमा सरकार निर्माणमा सामेल भएको भन्दै सर्वोच्च अदालतले थापाको नियुक्ति बदर गर्दै सरकार गठन प्रक्रिया पुनः सुरु गर्न परमादेश दिएको थियो । प्रदेश प्रमुख परशुराम खापुङले मंगलबार अपरान्ह ५ बजेसम्मको समय दिएर पुनः मुख्यमन्त्रीमा दाबी पेश गर्न आह्वान गरेका थिए ।

# रामपुरमा खानेपानी महसुल...

...तीन हजार दुई सय धारा जडान गरी घर-घरमा सफा, स्वच्छ र शुद्ध खानेपानी वितरण गर्ने संस्थाको लक्ष्य रहेको छ । हाल तीन हजार नौ सय २३ धारा जडानका लागि उपभोक्ताले शुल्क बुझाएका छन् । अहिले तीन हजार चार सय ९३ धारामा नियमित पानी वितरण भइरहेको छ । चार सय ३० धारा जडान गर्न बाँकी छ । सात हजार धारा जडान गर्न करिब ५० करोड खर्च हुने अनुमान गरिएको संस्थाका कोषाध्यक्ष विष्णुमाया ढकालले जानकारी दिइन् ।

रामपुर-४, ५, ६ र ७ को तल्लो क्षेत्रमा आयोजनामार्फत पानीको सुविधा पुगेको छ । यस आयोजनाबाट हाल दैनिक बिहान-साँझ तीन/तीन घण्टा खानेपानी वितरण भइरहेको छ । खानेपानी वितरणका लागि एक सय ८० किलोमिटरभन्दा बढी पाइप जडान र पाँच किलोमिटर फलामजडित पाइप विस्तार गरिएको छ ।

रामपुर-५ स्थित राम्चे सामुदायिक वनमा साढे चार लाख लिटरका दुईवटा (नौ लाख लिटर) ट्याङ्कीबाट पानी वितरण भइरहेको छ । रामपुर-७ डुम्रीगाउँमा दुई लाख लिटर र कार्कीडाँडामा डेढ लाख लिटरका ट्याङ्की राखेर पानी वितरण भइरहेको संस्थाले जनाएको छ । आयोजनामार्फत पानी वितरण हुन थालेपछि खानेपानीका लागि अन्यत्र भौँतारिएर हिँड्नुपर्ने समस्या सदाका लागि अन्त्य भएको उपभोक्ता मनिराज तिवारी बताउँछन् । खानेपानी महसुल शुल्क घटेपछि राहत पुगेको उनको भनाइ छ । आयोजना सुरु हुनुअघि स्थानीयवासीले खडेरी याममा खानेपानीका लागि सास्ती खेप्दै आएका थिए । नेपाल सरकार नगर विकास कोषको सहयोगमा २०६७ सालमा सुरु भएको उक्त आयोजना २४ करोड ५० लाखको लागतमा २०७३ भदौमा सम्पन्न भएको हो । पचास प्रतिशत सरकारको अनुदान, नगर विकास कोषको ४५ प्रतिशत ऋण सहयोग र पाँच प्रतिशत उपभोक्ताको सहयोगमा सो आयोजना सम्पन्न भएको हो । -रासस

## खेलकुद समाचार

# एशिया रग्वी प्रतियोगिता नेपालले आयोजना गर्ने



**काठमाडौं,** साउन १७/एशिया रग्वीको आयोजना तथा नेपाल रग्वी संघको व्यवस्थापनमा 'एशिया रग्वी यू- २० सेभेन्स महिला तथा पुरुष प्रतियोगिता' काठमाडौंमा आयोजना हुने भएको छ । संघले बुधबार पत्रकार सम्मेलन आयोजना गरी प्रतियोगिता आगामी भदौ २ र ३ गते सञ्चालन हुने जानकारी दिएको हो ।

प्रतियोगितामा पुरुषतर्फ नेपालसहित भारत, थाइल्यान्ड, मलेसिया, चाइनिज ताइपेई, हङकङ, उज्बेकिस्तान गरि सातवटा राष्ट्रको सहभागिता रहने बताइएको छ । महिलातर्फ नेपाल, थाइल्यान्ड र मलेसियाको सहभागिता रहने छ । प्रतियोगिता लिग कम नकआउटका आधारमा सञ्चालन हुनेछ । लिग चरणमा पहिलो र दोश्रो हुने टोलीबीच उपाधिका लागि भिडन्त हुनेछ । प्रतियोगिता आयोजना गर्न ७२ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको आयोजकले जनाएको छ । प्रतियोगिताको विजयी टोलीले एशिया रग्वीको ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगिताको प्रत्यक्ष प्रसारण पनि गरिने बताइएको छ । प्रतियोगितालाई एशिया रग्वीसँग अनुवन्धित अन्य ३५ राष्ट्रले पनि प्रत्यक्ष प्रसारण गर्ने जानकारी पत्रकार सम्मेलनमा दिइयो । नेपाली टोलीले प्रतियोगिताका लागि श्रीलंकाली प्रशिक्षक विजेलाथ सेनसँग पोखरामा प्रशिक्षण लिइरहेको जानकारी पनि पत्रकार सम्मेलनमा संघका महासचिव गोविन्द घिमिरेले दिए । यसैबीच, नेपाल रग्वी संघ र गोक्योबीच सहकार्य सम्झौता भएको छ । सम्झौता अनुसार, गोक्योले रग्वी खेलाडीका लागि खेल पोशाक र खेल सामाग्री उपलब्ध गराउने छ । नेपाल रग्वी संघका तर्फबाट महासचिव गोविन्द घिमिरे र गोक्योको तर्फबाट ब्राण्ड मेनेजर अन्जिना राईले सम्झौतापत्रमा हस्ताक्षर गरे । यसैगरी संघले भक्तपुर इन्टरनेशनल हस्पिटलसँग पनि सहकार्य सम्झौता गरेको छ । संघको तर्फबाट महासचिव घिमिरे र हस्पिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रामजीकुमार श्रेष्ठले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## कर्पोरेट/अर्थ समाचार

# महिलालाई क्रेडिट कार्ड निःशुल्क




**पाल्पा,** साउन १७/महिलाले निःशुल्क रुपमा क्रेडिट कार्ड पाउने भएका छन् । ग्लोबल आइएमई बैंक लिमिटेडले महिला ग्राहकलाई निःशुल्क क्रेडिट कार्ड उपलब्ध गराउने भएको हो ।

बैंकले श्रावण स्पेसल अफर अन्तर्गत यो सेवा दिन लागेको छ । बैंकले सार्वजनिक गरेको यो योजना अन्तर्गत महिला ग्राहकहरूले निःशुल्क रूपमा बैंकको क्रेडिट कार्ड प्राप्त गर्न सक्नेछन् । यो योजना साउन १६ गतेदेखि सीमित अवधिका लागि लागु भएको छ । ग्राहकको सुविधालाई मध्यनजर गरी बैंकले यस्ता किसिमका समय सान्दर्भिक योजनाहरू ल्याएर ग्राहकहरूलाई लाभान्वित गर्दै आएको छ । बैंकले यस अघि लुम्बिनी केबलकारमा समेत आकर्षक योजना ल्याएको थियो । उसलेमोबाइल एप्लिकेशन ग्लोबल स्मार्ट प्लसमार्फत लुम्बिनी केबलकारको टिकटमा १० प्रतिशत क्यासब्याक उपलब्ध गराएको हो । बैंकले रुपन्देहीको बुटवलस्थित लुम्बिनी केबलकारको टिकट खरिदमा क्यासब्याक उपलब्ध हुने योजना सार्वजनिक गरेको थियो । यो योजना अन्तर्गत बैंकको मोबाइल एप्लिकेशन ग्लोबल स्मार्ट प्लस प्रयोगकर्तालेबैंकको क्युआरमार्फत भुक्तानी गर्दा तथा डेबिट/क्रेडिट कार्ड प्रयोगकर्ताले बैंकको पिओएस मेसिनबाट टिकट खरिद गर्दा १० प्रतिशत तथा अधिकतम १०० रुपैयाँसम्म क्यासब्याक प्राप्त गर्ने गरेका हुन् । ग्राहकको सुविधालाई मध्यनजर गरी बैंकले समय-समयमा यस्ता योजनाहरू ल्याएर प्रत्यक्षरुपमा लावान्वित गर्दै आएको जनाएको छ ।

यो बैंक यस अघि 'इन्फोसिस फिनाकल इनोभेसन अवार्ड २०२३' बाट समेत सम्मानित भएको छ । फिनाकल १० कोर बैंकिङको कार्यान्वयन पश्चात् बैंकले ग्राहक केन्द्रित सेवाहरूमा नवीनतम् सोचका साथ उत्कृष्ट प्राविधिक रूपान्तरण ( डिजिटल ट्रान्सफरमेसन) गरेकोमा बैंकलाई ट्रान्सफरमेसन एक्सिलेन्स विधा अन्तर्गत सर्वोत्कृष्ट प्राप्त गरेको हो । इन्फोसिस फिनाकल इनोभेसन अवार्ड बैंकिङ टेक्नोलोजी क्षेत्रको एक प्रतिष्ठित अन्तर्राष्ट्रिय पुरस्कार हो । यो मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई